# सम्पादकीय

## एकता व्यवहारका चुनौती

एकतापछि आकांक्षा चुलिन थालेको नेकपामा पार्टीको सही व्यवस्थापनका निम्ति केन्द्रीय नेतृत्वको निर्णय र व्यवहारसँगै अपेक्षित विवेक प्रदर्शन पनि उत्तिकै जरुरी छ। ३ जेठ २०७५ मा तत्कालीन नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीचको एकताबाट नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को केन्द्रीय कमिटी घोषणा गर्दा तीन महीनाभित्र सबै तहका कमिटीहरूबीच एकता भइसक्ने घोषणा पनि सँगसँगै गरिएको थियो।

३ भदौको त्यो समयसीमा छोप्न नेकपाले एकता सम्बन्धी कार्यदलहरूको म्याद तीन पटकसम्म थप्यो। तर, मातहत कमिटी र जनसंगठनहरूको एकताबारे कार्यदलहरूले अहिलेसम्म प्रतिवेदन नै बुझाएका छैनन्। सातवटै प्रदेशका कमिटी, २२ वटा जनसंगठन, एक सम्पर्क समन्वय कमिटी र एक प्रवास कमिटी तथा ती मातहतका पार्टी संरचनाबीचको एकतामा अझै लामो समय लाग्ने देखिन्छ। एकता निम्ति नेकपाको केन्द्रीय सचिवालयले अन्तरपार्टी निर्देशन र दुईपटक विशेष परिपत्र गरे पनि सबैतिर देखिएको शक्ति–सन्तुलन र समीकरणको जोडघटाउ एकतामा विलम्बको कारण बनिरहेको छ।

एकतामा जटिलता पृष्ठभूमि नै फरक फरक रहेका एमाले र माओवादीका कार्यकर्ताबीचको व्यावहारिक एकता आफैंमा सहज थिएन, छैन। नेकपाको विधानले जिल्ला तहमा न्यूनतम १३५ देखि अधिकतम २२५ सदस्यीय कमिटीको प्रबन्ध गरेको र जनाधार, कार्यकर्ता पंक्ति, नेतृत्व क्षमता लगायतलाई हेरेर नेतृत्व चयन गर्ने भनिए पनि नेतृत्व कसले गर्ने भन्ने विषय नै अहिले केन्द्रमा छ। केन्द्रीय सचिवालयले जिल्ला नेतृत्वको बाँडफाँड नगरी प्रदेशभित्रको सन्तुलन हेरेर निर्णय गर्न सुझाएकाले स्थानीय विशेषता अनुरूप निर्णय गर्न सहज पनि भएको छ। तर, निर्धारित संख्यामा सदस्यहरूको चयन गर्न चाहिं सजिलो देखिंदैन।

पूर्व एमालेमा कमिटी प्रणाली क्रियाशील रहेकाले नयाँ कमिटीका सदस्य चयनको आधार पहिल्याउन खास समस्या देखिंदैन। जस्तो कि, १४५ सदस्यीय जिल्ला कमिटीमा एमालेको भागमा ८० जना सदस्य परे भने ती सदस्य चयन गर्ने प्रष्ट मापदण्ड ऊसँग छ। जिल्ला अधिवेशनबाट निर्वाचित कमिटी भएकाले करीब ७० जना सदस्य पुरानो जिल्ला कमिटीकै राख्ने र बाँकी १० जना बाहिरबाट थप्ने कुरामा कुनै जटिलता देखिंदैन। तर, पूर्व माओवादीका कमिटीहरू निकै भद्दा थिए। त्यति मात्र होइन, कमिटीमा कति सदस्य थिए भन्ने अभिलेख पनि पाउन नसकिने स्थिति छ। यो अवस्थामा कमिटीमा पर्ने र छुट्नेको विवाद रहन्छ नै।

नेकपाको केन्द्रीय कमिटी गठन हुँदा ४४१ सदस्यीय कमिटीमा तत्कालीन एमालेका तर्फबाट महाधिवेशनबाट निर्वाचित र त्यसपछि मनोनीत करीब २०० जना सदस्य सबै समेटिए। यसले गर्दा कुनै विवाद भएन। तत्कालीन माओवादीमा चाहिं केन्द्रीय सदस्य नै करीब चार हजार रहेकाले २०० जना छान्दा बाँकी ३ हजार ८०० ले नै आफूमाथि अन्याय भएको दुःखेसो गरिरहेका छन्। प्रदेश, जनसंगठन र जिल्लाहरूमा पनि अहिले यही अवस्था देखिंदैछ। जिल्लाको नेतृत्व चयनमा निश्चित मापदण्ड नअपनाइँदा नेताहरूबीचमै असन्तुष्टि देखिन्छ। जस्तो कि, कुनै जिल्लामा तत्कालीन जिल्ला कमिटीका अध्यक्ष नयाँ कमिटीको अध्यक्षको दावेदार हुँदाहुँदै विगतमा पदाधिकारी नै नरहेका व्यक्तिलाई नयाँ कमिटीको अध्यक्षमा सिफारिश गरिंदा असन्तुष्टि देखापरेको छ।









# धनगढीमाई नगरपालिका

## नगर कार्यपालिकाको, कार्यालय

धनगढी , सिरहा

**२ नं . प्रदेश, नेपाल**

## हाट बजार ठेक्का वन्दोवस्त सम्वन्धी सुचना

**(प्रथम पटक प्रकाशित मिति २०७५/०५/१२)**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११, सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ को नियम ८४ बमोजिम यस नगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्र रहेका देहाय बमोजिमका बजारहरुको चालु आ.व. २०७५/७६ का लागि नियमित हाट बजार सेवा शुल्क (राजस्व) उठान गर्ने प्रयोजनको लागी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संस्था वा कम्पनी हरुबाट निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलवन्दी दरभाउ पत्र पेश गर्न सम्वन्धित सबैका लागी यो सुचना प्रकाशित गरिएको छ।

**शर्तनामा**

१. दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ औं दिन भित्र यस कार्यालयको रा.बा.बैंक, लहानमा रहेको खाता नं. ग २२६०३०३००७१०२ मा रु. १०००/ (रु. एक हजार, पछि फिर्ता नहुने गरी) जम्मा गरेको सक्कल भौचर वा नगदै बुझाई दरभाउ पत्र यस कार्यालयको राजश्व उप शाखाबाट खरिद गर्न सकिनेछ। इजाजत प्राप्त कम्पनीको हकमा नविकरण भएको ठेक्का ईजाजत पत्र तथा स्थायी लेखा नम्बर (PAN) र भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि, आ.ब. २०७३/०७४ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि निवेदन साथ पेश गर्नुपर्नेछ।

२. रितपुर्वक भरिएको दरभाउपत्र फारम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) दिन दिनको १२.०० बजे सम्ममा यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ। दर्ता भएको दरभाउपत्र सोही दिनको २.०० बजे यस कार्यालयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

३. दरभाउपत्र साथ तपशिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको रा.बा.बैक, लहानमा रहेको धरौटी खाता नं. धरौटी ग २२६०३०३००७१०२ मा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको नेपाल सरकारको मान्यता प्राप्त बैंकहरु (बिडबण्ड जारी गर्न सक्ने अधिकार प्राप्त बैंक)बाट घटिमा पचहत्तर दिनको मान्य अवधि भएको सक्कल बिडबण्ड (Bid Security) पेश गर्नु पर्नेछ।

४. दररेट भर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट भर्नु पर्नेछ।

५. दरभाउपत्र दाखिला गर्दा शिलबन्दी खामको बाहिर यस कार्यालयको नाम, ठेक्का नं., कामको विवरण, दरभाउपत्र दाताको नाम, ठेगाना आदी स्पष्ट रुपमा खुलाउनु पर्नेछ।

६. दरभाउपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा क्रमशः कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ।

७. एक फर्मको नामबाट खरिद भएको दरभाउपत्र अर्को फर्मको नामबाट दर्ता गर्न पाईने छैन।

८. रित नपुगी शर्त राखी वा म्याद नाघी आएको दरभाउपत्र माथि कार्यवाही हुने छैन।

९. दरभाउपत्र आंशिक वा पुर्ण रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

१०. सेवा शुल्क असुल गर्दा करदातालाई दिईने रसिद नगर कार्यपालिकाको कार्यालयले तोकिदिएको ढांचामा ठेकेदारको तर्फबाट छपाई सि.नं.००१ देखि संख्या (Numbering) शुरु गरी नगर कार्यपालिकाको कार्यालयमा ल्याई नगर कार्यपालिकाको कार्यालयको छाप लगाई प्रमाणित भए पछि मात्र प्रयोग गर्न पाईनेछ। विना छापको रसिद प्रयोग गरेको फेला परेमा नगर कार्यपालिकाको कार्यालयद्वारा कानूनी कार्वाही हुनेछ। साथै नगर कार्यपालिकाको कार्यालयबाट उपलब्ध गराइने हाट वजार सेवाको दररेटहरुको वोर्ड वनाई ठेकेदारले नै राख्नु पर्नेछ।

११. नगरपालिकालाई बुझाउनेपर्ने बाँकी बक्यौता रकम नबुझाएको तथा नगरपालिकाको पेश्की बाँकी रकम वा नगद जिन्सी बुझाउन बाँकी रहेको व्यक्तिले ठेक्का लिन पाउने छैन कुनै कारणवश त्यस्ता व्यक्तिको ठेक्का स्वीकृत भए पनि पछि उल्लेखित विवरण जानकारी हुन आए ठेक्का वदर गरी धरौटी लगायत बुझाएको रकम समेत जफत गरिनेछ।

१२. सूचनामा केही कुरा थपघट गर्नु परेमा थपघट गर्नुपर्ने कुरा कार्यालयको सूचना पाटीमा टाँस गरी जानकारी गराइनेछ साथै सूचना सम्वन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

१३. यस ठेक्का वापत नेपाल सरकारलाई बुझाउनु पर्ने सम्पूर्ण करदस्तुर फि महशुल आदि ठेकेदारले नै बुझाउनु पर्नेछ।

१४. ठेकेदारले शुल्क उठाउन नियुक्त गरेको कर्मचारीको नाम, थर, ठेगाना खुलेको नामावली नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ। त्यसरी नियुक्त कर्मचारीले तोकिएको शुल्क भन्दा वढी रकम उठाएमा वा नगरपालिकाको अहित हुने कार्य गरेमा त्यसको उत्तरदायित्व ठेकेदारले नै व्यहोर्नु पर्नेछ।

१५. ठेक्का प्राप्त बजारबाट नगरपालिकाले तोकि दिएको दररेट भन्दा फरक आफुखुसी मूल्य निर्धारण गरी रकम संकलन गरेको पाईएमा ठेक्का लिने व्यक्तिबाट असुल उपर गरी कानुनी कारवाही गरिनेछ।

१६. तपसिल बमोजिमको न्यूनतम अंक भन्दा माथि कबोल गर्नु पर्नेछ। साथै दरभाउ पत्र पेश गर्दा प्रत्येक बजारको दरभाउ पत्र छुट्टाछुट्टै सिलबन्दी गरि पेश गर्नु पर्नेछ। सिलबन्दी दरभाउ पत्रमा दरभाउपत्रदाताले रीतपूर्वक सहीछाप गरेको हुनु पर्नेछ।

१७. दरभाउपत्र स्वीकृत भए पछि ठेका अतिरिक्त मु.अ.कर तथा आयकर वापत १.५% समेत जम्मा १४.५% (चौध दशमलव ५ प्रतिशत) रकम ठेक अंकमा जोडि एकमुष्ठ दाखिला गरेमा, ठेक अंकमा ५% छुट दिनेछ। एकमुष्ठ रकम दाखिला गर्न नसकेमा ठेक रकमको दुई किस्ता गरी पहिलो किस्ता चलन पूर्जो लिनु अगावै दोश्रो किस्ता २०७५ पौष १ गते भित्र बुझाउनु पर्नेछ। साथै किस्ताबन्दी गर्दा बाँकी ठेक रकम बराबरको यस कार्यालयका नाउँमा मान्यता प्राप्त बाणिज्य बैङ्कबाट जारि गरिएको कम्तीमा ७ महिना म्याद भएको जमानी पत्र सक्कल प्रति चलन पूर्जि लिनु अगाबै पेश गर्नु पर्नेछ।

१८. सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ वा प्रचलित कानुन बमोजिम हुनेछ।

१९. अन्य जानकारीको लागी कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ।

**तपसिल**

| क्र.सं | ठेक्का नं. | कामको विवरण | न्यूनतम दर (मु.अ.कर बाहेक) | धरौटी रकम |
|---|---|---|---|---|
| १ | आ.२०७५।०७६-०१ | धनगढी बजार | १२,००,०००.०० | ६०,०००.०० |
| | | जिरोमाईल | | |
| | | छपराडी बजार | | |

धनगढीमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, सिरहा
२ नं. प्रदेश नेपाल